# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/२५ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

गुठी संस्थान शाखा कार्यालय, ललितपुरमा कार्यरत वरिष्ठ सहायक(नायव सुब्बा) जितेन्द्र चित्रकार र गुठी संस्थान शाखा कार्यालय ललितपुरबाट निबृत्तिभरण भई सोही कार्यालयमा सहयोगीको रुपमा काम गर्दै आएका अवकाश प्राप्त कार्यालय सहयोगी अनन्त बहादुर श्रेष्ठले गोदावरी नगरपालिका वडा नं.८ स्थित रहेको जग्गाको मोही हक नामसारीका साथै जग्गा मोही हक खरिद बिक्री सिफारिस गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजहरुलाई रु.२०,०००/-(बिस हजार) घुस वापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा उक्त घुस रकम लेनदेन प्रक्रियामा सोही कार्यालयका बरिष्ठ सहायक पदमा कार्यरत गोपाल ढुङ्गेल समेतको संलग्नता रहेको देखिन आएकोले निजहरू वरिष्ठ सहायक(नायव सुब्बा) जितेन्द्र चित्रकार र बरिष्ठ सहायक गोपाल ढुङ्गेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजहरुलाई बिगो जनही बिगो रु.२०,०००/-(बिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम बिगो जफत गरी बिगो बमोजिम जरिवाना र तीन महिना सम्म कैद सजाय हुन साथै अवकाश प्राप्त कार्यालय सहयोगी अनन्त बहादुर श्रेष्ठले उक्त घुस लेनदेन प्रक्रियामा सहयोगी एवं मतियारको भुमिका निर्वाह गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई सोही दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता